काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २१५ ❐ सोमवार, ४ जेठ, २०८३ ❐ Monday, 18 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

MEDIA ALLIANCE NEPAL | NEPAL MEDIA SOCIETY

स्वतन्त्र प्रेसमाथि **प्रहार,**
लोकतन्त्रमाथि आघात,
न्यायको
पर्खाइमा जनआवाज...
प्रेसको आवाज **दबिँदा,**
लोकतन्त्र **कमजोर** हुन्छ।
सत्यमाथिको प्रहारविरुद्ध
न्यायको **पुकार...**
सञ्चारमाथि नियन्त्रण,
अभिव्यक्तिमाथि **हस्तक्षेप,**
लोकतन्त्रको
आत्मामाथि चोट...
स्वतन्त्र पत्रकारिता थिचिँदा,
सत्य डराउन थाल्छ।
अनि लोकतन्त्र **मौन** बन्छ...
प्रेस स्वतन्त्रता **कमजोर हुँदा,**
नागरिक अधिकार पनि
असुरक्षित हुन्छ।
न्याय र अभिव्यक्तिको पक्षमा...
कलममाथि दबाब,
सत्यमाथि **आक्रमण,**
अनि न्याय अझै **प्रतिक्षामा...**

स्वतन्त्र प्रेसको
रक्षा गर,
लोकतन्त्रको
सम्मान गर।
सत्य बोल्ने आवाजलाई
मौन नबनाऊ...
प्रेसमाथिको **अन्याय**
केवल मिडियामाथिको होइन,
जनअधिकारमाथिको
प्रहार हो...

जब
समाचार
डराउन थाल्छ,
लोकतन्त्र
कमजोर
हुन थाल्छ।
स्वतन्त्र आवाजको
पक्षमा...

स्वतन्त्र पत्रकारिता
मर्दा
लोकतन्त्र जिवितै रहला
?

सम्पादकीय

बेरुजु नियन्त्रणमा ध्यान देऊ

कर्णाली प्रदेशमा बेरूजु घट्नुको सट्टा वर्षेनि बढ्दै गएको छ । यो तथ्यांक केवल लेखा प्रणालीको कमजोरी मात्र होइन । यो प्रदेश सरकारको कार्यशैली, उत्तरदायित्वहीनता र प्रशासनिक अक्षमताको गम्भीर संकेत पनि हो । महालेखापरीक्षकको ६३ औँ वार्षिक प्रतिवेदनले देखाएको तथ्यांकले कर्णालीको वित्तीय अनुशासन लगातार कमजोर बन्दै गएको पुष्टि गरेको छ । चार अर्ब ७३ करोड रूपैयाँभन्दा बढी बेरूजु पुग्नु सामान्य प्रशासनिक त्रुटि होइन । यो जनताको कर, संघीय अनुदान र विकास बजेटको उपयोगमा गम्भीर लापरबाही भएको प्रमाण पनि हो । अझ चिन्ताजनक कुरा के छ भने, पुरानो बेरूजु फर्स्योट हुन नसक्दै नयाँ बेरूजु थपिने क्रम रोकिएको छैन । अघिल्लो आर्थिक वर्षको बेरूजु दर १.२२ प्रतिशतबाट बढेर गत आर्थिक वर्ष २०८१/०८२ मा २.०८ प्रतिशत पुग्नुले प्रदेश सरकारको आर्थिक व्यवस्थापन उल्टो दिशातर्फ गएको देखाउँछ । प्रदेश सरकारका मन्त्रालय र मातहत निकायहरूले कानुनसम्मत प्रक्रिया पूरा नगरी आर्थिक कारोबार गर्ने, आवश्यक लेखा अभिलेख नराख्ने र खर्च पारदर्शी बनाउन असफल हुने प्रवृत्ति व्यापक देखिएको छ ।

बेरूजु नियन्त्रणमा ध्यान निदिने जस्ता कमजोरीलाई वर्षौंदेखि दोहोरिन दिइनु स्वयं शासन प्रणालीकै विफलता हो । अझ प्रदेशसभा सार्वजनिक लेखा समितिले दिएका सयौं निर्देशन कार्यान्वयन नगर्नु सरकारको गैरजिम्मेवारीपनको स्पष्ट उदाहरण हो । कर्णालीको अर्को ठूलो समस्या खर्च गर्न नसक्ने प्रवृत्ति हो । बजेट ल्याउने, योजना घोषणा गर्ने तर कार्यान्वयनमा कमजोर रहने रोग पुरानै हो । गत आर्थिक वर्षमा कुल बजेटको केवल ६४ प्रतिशत मात्र खर्च हुनुले प्रदेश सरकारको कार्यक्षमता कति कमजोर छ भन्ने देखाउँछ । विकासको आधारभूत पूर्वाधार अभाव झेलिरहेको प्रदेशमा समेत बजेट खर्च हुन नसक्नु गम्भीर विडम्बना हो । आन्तरिक आम्दानी कमजोर हुनु कर्णालीको संरचनागत चुनौती हुनसक्छ, तर संघीय सरकारबाट प्राप्त अर्बौं अनुदानसमेत प्रभावकारी रूपमा खर्च गर्न नसक्नु भने व्यवस्थापकीय असफलता हो । संघीय अनुदानमा अत्यधिक निर्भर रहँदै खर्चसमेत प्रभावकारी गर्न नसक्ने अवस्था दीर्घकालीन रूपमा प्रदेशको वित्तीय स्थायित्वका लागि खतरनाक संकेत हो ।

बेरूजु केवल हिसाब मिलानको विषय मात्रै होइन । यसले सुशासन, पारदर्शिता र जनविश्वाससँग प्रत्यक्ष सम्बन्ध राख्छ । बेरूजु बढ्नु भनेको विकास बजेटको प्रभावकारिता घट्नु, भ्रष्टाचारको जोखिम बढ्नु र राज्यप्रतिको नागरिक भरोसा कमजोर हुनु हो । अब कर्णाली प्रदेश सरकारले प्रतिवेदन सार्वजनिक भएपछि औपचारिक प्रतिक्रिया दिने परम्परामा सीमित हुनु हुँदैन । बेरूजु बढाउने निकाय र जिम्मेवार अधिकारीमाथि कडाइ, लेखा प्रणालीको सुधार, खर्च प्रक्रियामा पारदर्शिता तथा सार्वजनिक लेखा समितिका निर्देशनको अनिवार्य कार्यान्वयन तत्काल सुरू गर्न आवश्यक छ । अन्यथा बेरूजु नियन्त्रण केवल नारामा मात्रै सीमित हुनेछ । किनकी त्यसले कर्णालीको वित्तीय अवस्था झन् जटिल बन्दै जानेछ । त्यसैले बेरूजु नियन्त्रणमा सुधार गरौं ।

बालेन्द्र सरकारले समातेको स्वेच्छाचारी बाटो



✍ शोभाकर बुढाथोकी

थ्रीप्रै संशयबीच गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले मुलुकमा ल्याएको उथलपुथल अनि त्यसका एकपछि अर्का असर र प्रभाव निरन्तर देखिइरहेका छन् । जेन-जी पुस्ताको नेतृत्वमा गत भदौ २३ मा भएको आन्दोलन र त्यसको भोलिपल्ट, भदौ २४ गते देखा परेको अराजकताबाट सिर्जित जटिल परिस्थितिमा गठित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम चुनावी समयमै निर्वाचन सम्पन्न गरी नवनिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेको पनि अब दुई महिना पुग्दै छ । यसबाट देशमा विद्यमान राजनीतिक संक्रमणको एक हदसम्म तात्कालिक र सुरक्षित अवतरण भएको छ ।

यसपालिको निर्वाचनले पुराना भनिएका राजनीतिक शक्तिहरूलाई आउँदो पाँच वर्षका लागि सत्ताबाट विस्थापन गर्दै आफूलाई नयाँ दाबी गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सत्ताको बागडोर सुम्पेको छ । चार वर्ष पहिले मात्र स्थापना भएको रास्वपालाई मतदाताले यसपालि झन्डै दुईतिहाइ बहुमत दिएर मुलुकमा सुशासन र स्थिरताको अपेक्षा अभिव्यक्त गरेका हुन् । स्थापित दलहरू (नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र मधेशकेन्द्रित दलहरू) प्रति उनीहरूको असन्तुष्टि विद्रोहकै रूपमा अभिव्यक्त भयो । र यो सबैको एकमुष्ट परिणामका रूपमा रास्वपाका वरिष्ठ नेता, काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाहको नेतृत्वमा सरकार बनेको छ ।

यतिबेला कार्यपालिका र व्यवस्थापिकामा रास्वपाको एकलौटी नेतृत्व छ । मुलुक सञ्चालनका लागि अरू दलको साथ-सहयोग नै नचाहिने यो अवस्था रास्वपालाई मुलुकको राजनीतिक रूपान्तरण र विकास तथा संवृद्धिका आधार तयार गर्ने सुवर्ण अवसर हो । त्यहीकारण हो बालेन्द्र शाह नेतृत्वको सरकारले मतदाताका अपेक्षाहरू जिम्मेवारीपूर्ण ढंगले सम्बोधन गर्न अग्रसरता लिने र मुलुकमा सुशासनका माध्यमबाट संवृद्धिका आयामहरू सिर्जना गर्न पहल गर्ने आशा पलाएको ।

रास्वपा अर्थात् नयाँ दल सरकारको नेतृत्वमा पुग्नु, संसद्मा नयाँ अनुहारहरूकै दबदबा रहनुले देशमा सुशासन, संवृद्धि र विकासका लागि चुनौती र अवसर दुवै सिर्जना भएको छ । सिंहदरबारमा शुरूआती चरणमै प्रधानमन्त्री शाह 'सुशासनका नाममा' आक्रामक देखिएका छन् । पदबहाली गर्नसाथै बसेको मन्त्रिपरिषद् बैठकबाट भएको निर्णयअनुसार 'शासकीय सुधार सम्बन्धी १०० कार्यसूची'का आधारमा मुलुक सञ्चालन गरिरहेका शाहले सुशासनको मुद्दालाई पहिलो प्राथमिकतामा राखेको त देखिन्छ । तर भ्रष्टाचार र अनियमितता नियन्त्रणका नाममा उनी विपक्षी दलहरूप्रति क्रूर भन्न मिल्ने हदसम्म कठोर देखिएका छन् । उनको ध्येय मूलतः लोकतन्त्रमा अभ्यस्त दलहरू कांग्रेस र एमालेका नेताहरूमाथि प्रतिशोध साँध्नेमा देखिन्छ।

प्रधानमन्त्रीमा अति महत्त्वाकांक्षा देखिन्छ, तर धैर्य बिल्कुल देखिँदैन । अति हतारो देखिन्छ, तर गन्तव्य कहाँ हो थाहा छैन । हतारो के को हो भन्ने बुझ्न सकिएको छैन, तर उनी सीमित समयमा आफ्ना निश्चित लक्ष्य पूरा गरिछाड्न उद्यत देखिन्छन् । त्यसका लागि उनी सम्पूर्ण शक्ति आफूमा केन्द्रित गर्न लागिपरेका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो मातहत ल्याए पनि फिर्ता भइसकेका राष्ट्रिय अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागजस्ता निकाय फेरि आफ्नै छत्रछायामा ल्याउनुले प्रधानमन्त्रीमा शक्ति केन्द्रिकरणको भोक कुन हदसम्म छ भन्ने देखाउँछ ।

अर्कोतर्फ उनी राज्य-संयन्त्रलाई भरपूर प्रयोग गर्न लागिपरेका छन् । त्यसक्रममा विद्यमान कानून र कानूनी शासनका मान्यतामाथि बलमिच्याइँ गर्न पनि उनमा कुनै हिच्किचाहट देखिन्न । अर्थात् उनमा मुलुकमा विधि र पद्धति सबल बनाउन आवश्यक रचनात्मक रणनीतिक दृष्टिकोण निर्माण गर्ने सोच होइन, अर्थोक नै हाबी देखिन्छ । विपक्षी दलप्रति कुण्ठा, आक्रोश र प्रतिशोध व्याप्त देखिनुबाट आकलन गर्न सकिन्छ, प्रधानमन्त्री शाहको यो सोच उनी स्वयं, उनको दल रास्वपा र मुलुक कसैको हितमा नहुने निश्चित छ ।

सरकारसँग पाँच वर्ष शासन गर्ने जनमत छ । कानूनी, राजनीतिक वैधता छ । कार्यपालिका र व्यवस्थापिकादेखि संसदीय समितिहरूमासमेत सरकारलाई कतै बाधा-व्यवधान हुने गुञ्जायस छैन । र पनि प्रधानमन्त्री र रास्वपाको कार्यशैली र व्यवहारमा एकाधिकारवादी सोच किन हाबी भइरहेछ भनेर बुझ्न सकिएको छैन । विपक्षीहरूप्रति असहिष्णु व्यवहार लोकतन्त्र, विधिको शासन र संविधानवादका दृष्टिले सदैव अस्वीकार्य छ, रहन्छ ।

सरकारबाट विधायिकाको गरिमामाथि समेत निरन्तर प्रहार र अपमान भइरहेको छ । कार्यपालिका र न्यायापालिकाबीच नियोजित रूपमै द्वन्द्व निम्त्याइएको छ । यस्ता जबर्जस्तीपन र बलमिच्याइँपूर्ण कार्य निरंकुश तथा अधिनायकवादी शासन व्यवस्थामा मात्र कल्पना गर्न सकिन्छ । लोकतन्त्रमा शासन कानूनसम्मत हुन्छ । सोहीअनुरूप विपक्षी दलसँग विश्वासको वातावरण तयार गरिन्छ । अनि नागरिकलाई पारदर्शी रूपमा सेवा प्रवाह गरिन्छ । सरकारका पछिल्ला गतिविधिले ऊ असाध्यै हतारोमा रहेको, अधैर्य र कतिपय अवस्थामा त अटेरी बन्दै गएको देखिन्छ । यस्तो कार्यले लोकतन्त्र र संविधानको मर्म तथा भावनामाथि प्रहार गर्छ । अनि विपक्षी दलहरूसँग वैमनस्य सिर्जना गर्छ ।

देश जटिल अवस्थामा छ । जेन-जी पुस्ताको आन्दोलनपछि नेपालीमा बढेको भय र त्रासको मनोविज्ञानकै उपजस्वरूप समाज यतिबेला विचार, आस्था र हैसियतका नाममा विभाजित छ । लगानीको वातावरण खल्बलिएको छ । उद्योग-व्यवसाय धराशायी छन् । न्यून पुँजीगत खर्चका कारण मुलुकको आर्थिक अवस्था संकटमा छ । राजश्व संकलनमा पनि व्यापक कमी आउने देखिँदै छ ।

अमेरिका(इजरायलसमेतको)-इरान युद्ध र विश्वव्यापी रूपमा बढ्दो मुद्रा विप्रेषणका कारण निम्तिएको चरण महँगीबाट आमनेपालीको भान्सा नियन्त्रणबाहिर पुगेको छ । खाना पकाउने ग्यास र पेट्रोलियम पदार्थको मूल्य आकासिएको छ । किसानलाई मल हाहाकार छ । सुकुम्वासी-भूमिहीन थातथलोबाट लखेटिएर बिच्चलीमा छन् । श्रम स्वीकृति र नो अब्जेक्सन लेटर लिने युवाको लाम उस्तै छ । जेन-जी आन्दोलनताका उद्योग-व्यवसायमाथि भएको आक्रमण र अहिले उद्योगी-व्यवसायीप्रति सरकारले राखेको गलत दृष्टिकोणका कारण आर्थिक गतिविधि असाध्यै सुस्त बनेका छन् । वित्तीय संस्थाहरूको पुँजीमाथि नेपाल राष्ट्र बैंकले निरन्तर हस्तक्षेप गर्नुपर्ने अवस्था आएको छ ।

यस्तो विषम अवस्थामा सरकार (र सत्तारुढ रास्वपा) देशको आर्थिक स्थिति सुधार्दै लगानीको वातावरण तयार गर्ने, नागरिकमा सुरक्षाको प्रत्याभूति गराउने र समाजमा आपसी सहिष्णुतासहितको विश्वासको वातावरण निर्माण गर्न लाग्नु साटो लोकरिझ्याइँ र विपक्षी दलहरूप्रति प्रतिशोध साँध्नमै समय र स्रोत खर्च गरिरहेको छ । यसले मुलुकलाई अधोगतिमा पुऱ्याउने, लोकतन्त्रको भविष्यमाथि नै चुनौती खडा गर्ने जोखिम देखाएको छ ।

नकारात्मक भाष्यबाट सिर्जित भय

पछिल्लो समय सरकार नागरिकको अपेक्षाअनुसार सञ्चालन भएन । देशमा भ्रष्टाचार र अनियमितता चुलिएकोमा पनि कुनै द्विविधा छैन । सुशासनका मापदण्ड लगातार मिचिएका छन् । ढिलासुस्ती र बेथिति संस्थागत भएका छन् । कानूनको परिपालनामा सम्झौता भएको छ । नातावाद र कृपावादको झन् के कुरा! यिनै बेथिति र अराजकताको द्रुत गतिमा निदान खोजेरै देशमा जेन-जी आन्दोलन भएको हो, अनि नेपाली जनताले रास्वपालाई झन्डै दुईतिहाइ बहुमत दिएका हुन् ।

यहाँनेर हेक्का राख्नुपर्ने के हो भने यस्ता बेथितिका बाबजुद पनि मुलुकमा प्रजातन्त्र पुनर्बहालीपछिका करिब ३५ वर्षमा नागरिकको जीवनस्तरमा सुधार आएको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, सिँचाई, सडक पूर्वाधार, हवाई पहुँच, उद्योग-व्यवसायलगायत क्षेत्रमा व्यापक सुधार भएको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आयमा उल्लेख्य प्रगति भएको छ ।

कर्णालीमा स्याउ विकास बोर्डबारे छलफल

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३ जेठ

कर्णाली प्रदेश सरकारले स्याउ उत्पादन र बजारीकरणलाई व्यवस्थित बनाउन "प्रदेश स्याउ विकास बोर्ड" स्थापना गर्ने विषयमा छलफल सुरु गरेको छ ।

यसका लागि सार्विक कर्णालीका प्रदेशसभा सदस्यहरूसँग परामर्श थालिएको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री तथा सरकारका प्रवक्ता विनोदकुमार शाहले जानकारी दिएका छन् ।

मन्त्री शाहका अनुसार "कर्णाली प्रदेश स्याउ विकास बोर्ड स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सरोकारवालाबाट सुझाव सङ्कलन गर्ने काम भइरहेको छ ।

छलफलका क्रममा यसलाई किसानमैत्री बनाउने र जनजीविकासँग



जोड्ने विषयमा सुझावहरू प्राप्त भएको उनले बताए ।

छलफलमा डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालिकोटका प्रदेशसभा सदस्यहरूको सहभागिता रहेको थियो । स्याउ उत्पादन हुने जिल्लाहरूमा बर्सेनि सडक अवरुद्ध र ढुवानी समस्या कारण किसानको उत्पादन क्षति हुँदै आएको भन्दै त्यसको समाधानका लागि बोर्ड आवश्यक भएको मन्त्री शाहले बताए । उनका अनुसार स्याउ उत्पादन हुने क्षेत्रमा स्थलगत अध्ययनसमेत भइसकेको छ ।

नयाँ बोर्ड गठनपछि उत्पादन, भण्डारण, बजारीकरण र मूल्य सुनिश्चितितामा सुधार आउने अपेक्षा गरिएको छ ।

विद्यार्थीलाई करियर मार्गदर्शन गर्न सुर्खेत होराईजनमा निःशुल्क 'करियर बुट क्याम्प'

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३ जेठ

वद्यार्थीहरूको भविष्य योजना, करियर छनोट तथा सीप विकासमा सहयोग पुऱ्याउने उद्देश्यले सुर्खेतमा एकदिवसीय निःशुल्क "करियर बुट क्याम्प" सम्पन्न गरिएको छ । आइतबार सुर्खेत होराइजन एकेडेमीको आयोजना तथा वृत्ति मार्ग निर्देशन सेवा केन्द्र, सुर्खेतको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रमको उद्घाटन कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले गरेका थिए । उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले विद्यार्थीहरूको भविष्य निर्माणमा करियर परामर्श र व्यावसायिक



मार्गदर्शन अत्यन्त आवश्यक रहेको बताए । उनले यस्ता कार्यक्रमले विद्यार्थीलाई आफ्नो क्षमता पहिचान गर्न, सही लक्ष्य निर्धारण गर्न तथा प्रतिस्पर्धी बन्न प्रेरणा दिने विश्वास व्यक्त गरे ।

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका शिक्षा शाखा अधिकृत रामलाल आचार्यसहित राष्ट्रिय स्तरका प्रशिक्षक तथा करियर विज्ञहरूको सहभागिता रहेको थियो । प्रशिक्षकहरूले अध्ययन पद्धति, व्यक्तित्व विकास, सीप अभिवृद्धि, करियर छनोट र भविष्य योजना सम्बन्धी विषयमा प्रशिक्षण तथा अनुभव साझा गरेका थिए ।

क्याम्पमा अभिभावक, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । सहभागीहरूले कार्यक्रमलाई समयसापेक्ष, प्रेरणादायी तथा उपयोगी भएको प्रतिक्रिया दिएका छन् ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष गणेशकुमार बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रमले विद्यार्थीहरूलाई करियरप्रति स्पष्ट दृष्टिकोण बनाउन सहयोग पुग्ने विश्वास लिएको छ ।

वर्तमान सरकार प्रति प्रचण्ड असन्तुष्ट



काँक्रेविहार संवाददाता
सुर्खेत, ३ जेठ

नेपाल कम्युनिष्ट पार्टीका संयोजक पुष्प कमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारका पछिल्ला गतिविधिप्रति असन्तुष्टि व्यक्त गर्दै अब प्रतिवाद गर्नुपर्ने अवस्था सिर्जना भएको बताएका छन् ।

आइतबार सुर्खेतमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उनले सरकारले लोकतान्त्रिक मूल्य र संवैधानिक प्रक्रियालाई कमजोर बनाउने खालका कदम चालिरहेको आरोप लगाए ।

प्रचण्डले सरकारले अध्यादेश मार्फत निर्णयहरू अघि बढाउनु, ट्रेड युनियन अधिकार कमजोर पार्ने प्रयास गर्नु तथा संसदलाई प्रभावहीन बनाउने गतिविधि गर्नु उचित नभएको बताए ।

उनले प्रारम्भमा संविधान संशोधन र लोकतन्त्रको रक्षाका लागि आफूहरूले सरकारलाई रचनात्मक सहयोग गर्ने सोच बनाएको उल्लेख गर्दै पछिल्ला घटनाक्रमले समर्थनभन्दा विरोध गर्नुपर्ने परिस्थिति सिर्जना गरेको बताए । उनले भने, "संविधान संशोधन वा लोकतन्त्रको रक्षाका निम्ति हामीले रचनात्मक ढंगले सहयोग गर्ने सोच बनाएका थियौं ।

सरकारका पछिल्ला गतिविधिले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ । अब जनताको अधिकार र संविधानको मर्म जोगाउन आवाज उठाउनुपर्ने अवस्था आएको छ ।"

प्रचण्डले झण्डै दुई तिहाइ नजिक रहेको सरकारले संविधान संशोधनजस्तो संवेदनशील विषयमा समेत पारदर्शिता कायम गर्न नसकेको टिप्पणी गरे । उनले संसदलाई छल्दै अध्यादेश ल्याउनु लोकतन्त्रको अपमान भएको बताउँदै यस्ता कदमले राजनीतिक अस्थिरता र अविश्वास बढाउने चेतावनी दिए ।

उनका अनुसार संविधान संशोधन राष्ट्रिय सहमति र खुला बहसको विषय हुनुपर्ने भए पनि सरकारले आवश्यक परामर्श र राजनीतिक संवाद नगरी एकपक्षीय ढंगले अघि बढ्न खोजेको देखिएको छ । उनले लोकतान्त्रिक व्यवस्थामा संसद सर्वोच्च थलो भएकाले संसदलाई बेवास्ता गरेर गरिने निर्णय स्वीकार्य नहुने बताए ।

पत्रकार सम्मेलनका क्रममा उनले कम्युनिष्ट एकताबारे पनि धारणा राखे । कम्युनिष्ट शक्तिहरूबीच एकता आवश्यक रहेको उल्लेख गर्दै उनले त्यसका लागि नीतिगत निर्णय भइसकेको र नेताहरूबीच छलफल जारी रहेको जानकारी दिए ।

तत्कालै पार्टी एकीकरण हुने अवस्था भने नरहेको उनको भनाइ थियो । उनले विचार, नीति र कार्यक्रमका आधारमा मात्रै दिगो एकता सम्भव हुने भन्दै हतारमा गरिने एकताले दीर्घकालीन परिणाम नदिने बताए । प्रचण्डले देशको वर्तमान राजनीतिक परिस्थिति, लोकतान्त्रिक अधिकारको रक्षा र जनताका मुद्दालाई केन्द्रमा राखेर आगामी राजनीतिक रणनीति तय गरिने पनि स्पष्ट पारे ।

असुरक्षित गर्भपतनले महिलाको ज्यान जोखिममा

काँक्रेविहार संवाददाता
जुम्ला, ३ जेठ

साबिक कर्णालीको जुम्ला, कालीकोट, मुगु र डोल्पालगायतका जिल्लामा अझै पनि असुरक्षित गर्भपतनका कारण अत्यधिक रक्तस्राव भएपछि मात्र महिला अस्पतालको सम्पर्कमा आउने गरेका छन् । औषधी सेवन गरी गर्भपतन भएपछि घरमै बस्ने र यदि स्वास्थ्यमा गम्भीर असर देखिएपछि मात्र ढिलो अस्पतालको सम्पर्कमा आउने गरेको स्वास्थ्यकर्मीले बताएका हुन् ।

मान्यताप्राप्त स्वास्थ्य संस्थाभन्दा पनि स्थानीय औषधी पसल तथा कोही चिनेको स्वास्थ्यकर्मीमार्फत औषधी सेवन गर्ने, घरमा बच्चा खसेपछि अस्पताल नजाने, यदि अप्ठ्यारो अवस्थामा मात्र अस्पतालमा आउने गरेको उनीहरूको भनाइ छ ।

नजिकको स्थानीय औषधी पसलबाट गर्भपतनको औषधी लिएर खाँदा अत्यधिक





मात्रामा रक्तस्राव भएपछि मात्र आफू अस्पतालको सम्पर्कमा आएको जुम्लाको तिला गाउँपालिका छ की एक महिलाले बताए ।

घरमा दुई वटा छोरी छन्, उनीहरूलाई कसरी पालनपोषण गर्ने हो भन्ने चिन्ताले परिवारको सल्लाह अनुसार गर्भमा रहेको बच्चा फाल्ने निधो गरेपछि मेडिकलबाट औषधी लिएर सेवन गरेको उनको भनाइ छ ।

औषधी सेवन गर्दा अत्यधिक मात्रामा रगत बगेपछि मात्र आफू अस्पतालको सम्पर्कमा आएको उनले बताए । उनी एक प्रतिनिधि पात्र मात्र हुन् । उनी जस्ता धेरै किशोरी तथा महिला छोरा जन्माउने आशामा असुरक्षित रूपमा गर्भपतन गराउने गरेका छन् ।

अन्तिम अवस्थामा मात्र अस्पतालको सम्पर्कमा आउँदा महिलाको ज्यान जोखिममा मात्र होइन, अकालमा जान सक्ने भएको जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत स्त्रीरोग विशेषज्ञ डा. सिर्जना रावलले बताए । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको तथ्याङ्क अनुसार अस्पतालमा आउने महिलामध्ये १० प्रतिशत महिला असुरक्षित रूपमा गर्भपतनकौ औषधी सेवन गरेर अन्तिम अवस्थामा मात्र अस्पतालको सम्पर्कमा आउने गरेका छन् । गाउँघरमा सचेतनाको कमीका कारण महिला आफ्नो ज्यान जोखिममा राखेर भए पनि समाजका कुरा मान्न बाध्य रहेको देखिन्छ ।

जुम्लाका ३० वटा स्वास्थ्य संस्थामध्ये १३ वटा स्वास्थ्य संस्थाले मात्र सुरक्षित गर्भपतन गर्ने मान्यता पाएका छन् । अहिलेसम्म जिल्लामा सञ्चालनमा रहेका कुनै पनि मेडिकल सुरक्षित गर्भपनका लागि सूचीकृत नभएको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ ।

मान्यताप्राप्त स्वास्थ्य संस्थामा गएर मात्र सुरक्षित गर्भपतनको सेवा लिनुपर्ने जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख किरणकुमार शर्माले बताए ।

स्वास्थ्य संस्थाको सल्लाह अनुसार गर्भपतनको औषधी सेवन गर्दा स्वास्थ्य समस्या भए पनि तत्काल महिलाको ज्यानलाई बचाउन सकिन्छ ।

महिलाले मनोमानी ढङ्गबाट गर्भपनको औषधी खाँदा अकालमा ज्यान जान सक्ने भएकाले त्यसो नगर्न आग्रह गरेका छन् ।

कर्णालीमा बालमैत्री बजेटको माग



काँक्रेविहार संवाददाता
सुर्खेत, ३ जेठ

कर्णाली प्रदेशका बालबालिकाको संरक्षण, सुरक्षा र अधिकारका सवाललाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ समावेश गर्न कर्णाली प्रदेश सभाका संसदीय समितिहरूको ध्यानाकर्षण गराइएको छ ।

प्रदेश सरकार आगामी आर्थिक वर्षको बजेट तथा नीति निर्माणको तयारीमा रहेका बेला बाल अधिकारका क्षेत्रमा क्रियाशील संस्था तथा बाल क्लब सञ्जालले बालबालिकासम्बन्धी मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्न आग्रह गरेका हुन् ।

बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशद्वारा शनिबार आयोजित "बालकेन्द्रित नीति, कार्यक्रम तथा बजेट" सम्बन्धी प्रादेशिक छलफल कार्यक्रममा बाल क्लब सञ्जाल कर्णाली प्रदेशकी महासचिव अस्मिता खड्काले संसदीय समितिलाई २३ बुँदे समन्वयपत्र हस्तान्तरण गरे ।

समन्वयपत्र सामाजिक विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला समिति तथा प्राकृतिक स्रोत समितिलाई बुझाइएको हो ।

समन्वयपत्रमा बालबालिकामा गरिने लगानीले दीर्घकालीन रूपमा समृद्ध र सुरक्षित भविष्य निर्माण गर्ने भएकाले आगामी बजेटमा बालमैत्री कार्यक्रमलाई प्राथमिकता दिन आग्रह गरिएको छ ।

यस्तै, बालबालिका खोजतलास सेवा एक सय चार लाई थप प्रभावकारी बनाउन, गुणस्तरीय तथा निःशुल्क शिक्षाको सुनिश्चितता गर्न र बाल संरक्षणका कार्यक्रमलाई बजेटमा समेट्न पनि आग्रह गरिएको छ ।

बाल क्लब सञ्जालले छुट्टै १६ बुँदे मागपत्र प्रस्तुत गर्दै बाल विवाह अन्त्य, लागुपदार्थ दुर्व्यसन न्यूनीकरण, प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिकाको संरक्षण तथा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई पनि नीति तथा कार्यक्रममा समावेश गर्न माग गरेको छ ।

कार्यक्रममा बोल्दै कर्णाली प्रदेश सभाको सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्रीले बालबालिका सम्बन्धी कार्यक्रमका लागि आगामी बजेटमा विगतको तुलनामा केही वृद्धि गर्ने विषयमा आफूहरू सकारात्मक रहेको बताए । उनले बालबालिकाको अधिकार संरक्षण प्रदेश सरकारको प्राथमिकतामा पर्ने उल्लेख गर्दै सरोकारवालासँग सहकार्य गरेर प्रभावकारी कार्यक्रम अघि बढाइने बताए ।

प्रहरीको गुनासो, रासन भत्तामा विभेद

काँक्रेविहार संवाददाता
मुगु, ३ जेठ

गृहमन्त्रालयले फागुन महिनादेखि नेपाल प्रहरीका कर्मचारीको रासन भत्ता वृद्धि गरे पनि हिमाली जिल्ला मुगुमा कार्यरत प्रहरी कर्मचारीले भने आफूहरूलाई त्यसको प्रभाव नपरेको गुनासो गरेका छन् ।

महँगी र दुर्गमताको अनुपातमा रासन भत्ता पर्याप्त नभएको भन्दै उनीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

सुकाढिक प्रहरी चौकीमा कार्यरत एक प्रहरी कर्मचारीका अनुसार नजिकैको हिमाली जिल्ला हुम्लामा कार्यरत प्रहरी कर्मचारीले मासिक करिब २३ हजार रुपैयाँ रासन भत्ता पाउने गरेका छन् भने मुगुमा कार्यरत प्रहरीले करिब नौ हजार रुपैयाँमै चित्त बुझाउनु परेको अवस्था छ ।

समान भौगोलिक विकटता हुँदाहुँदै पनि सरकारले विभेद गरेको महसुस भएको उनले बताए । मुगुमकार्मारोङ गाउँपालिका दुई स्थित तिब्बत सीमा नाका प्रहरी चौकीमा कार्यरत अर्का कर्मचारीले सरकारले भत्ता वृद्धि गरे पनि यहाँको वास्तविक महँगी अनुसार समायोजन नभएको गुनासो गरे ।

दैनिक उपभोग्य वस्तुको मूल्य अत्यधिक महँगो हुँदा हालको रासन भत्ताले खर्च धान्न कठिन भएको उनीहरूको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय मुगुका अनुसन्धान अधिकृत नवीन शाहीले पनि मुगुमा पाइने रासन भत्ता कालिकोटजस्ता तुलनात्मक



रूपमा कम दुर्गम जिल्लासँग लगभग उस्तै रहेको बताए ।

उनले हिमाली जिल्लामा कार्यरत प्रहरी कर्मचारीको मनोबल उच्च राख्न रासन भत्ता पुनरावलोकन आवश्यक रहेको उल्लेख गरे ।

प्रहरी कर्मचारीबाट लगातार गुनासो आएपछि जिल्ला प्रशासन कार्यालय मुगुले छ महिनाअघि नै रासन भत्ता पुनरावलोकनका लागि सम्बन्धित निकायमा सिफारिस पठाइसकेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीले हुम्ला र मुगुको भौगोलिक कठिनाइ लगभग समान रहेकाले रासन भत्तामा समायोजन आवश्यक रहेको बताए ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका निमित्त प्रमुख रामप्रकाश शाहका अनुसार हिमाली जिल्लामा कार्यरत प्रहरी कर्मचारीको मनोबल बढाउन रासन भत्ता समायोजन गर्न प्रहरी प्रधान कार्यालयमा सिफारिस पठाइएको छ । उनले दुर्गम क्षेत्रमा सेवा गरिरहेका सुरक्षाकर्मीका समस्यालाई सम्बोधन गर्न आवश्यक पहल भइरहेको जानकारी दिए ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कांग्रेस कर्णालीले सार्वजनिक गऱ्यो 'दश सूत्रीय' प्रस्ताव, पार्टी एकता र नेतृत्व सुधारमा जोड

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ३ जेठ



नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमितिले पार्टीभित्र देखिएको आन्तरिक विवाद, अनुशासन कारबाही र नेतृत्व शैलीप्रति असन्तुष्टि जनाउँदै 'बृहत्तर एकता र भावी कार्यदिशाका लागि दश सूत्रीय प्रस्ताव-२०८३' सार्वजनिक गरेको छ। वीरेन्द्रनगरमा आयोजित प्रदेशस्तरीय विचार गोष्ठीमार्फत सार्वजनिक गरिएको प्रस्तावमा पार्टी एकता, नेतृत्वको व्यवहार सुधार र संगठन पुनर्जागरणमा विशेष जोड दिइएको छ।

कर्णाली कांग्रेसले १५औँ महाधिवेशनलाई "एकताको महाधिवेशन" का रूपमा सम्पन्न गर्नुपर्ने धारणा अधि सारेको छ। प्रस्तावमा सभापति गगनकुमार थापासहित शीर्ष नेतृत्वले पार्टीभित्र संवाद र सहमतिको वातावरण निर्माण गर्नुपर्ने उल्लेख गरिएको छ। साथै महाधिवेशनको सदस्यता नवीकरण प्रक्रिया पारदर्शी बनाउन र नयाँ सदस्यता वितरणलाई व्यवस्थित गर्न आग्रह गरिएको छ। केन्द्रीय अनुशासन समितिमार्फत देशभरका नेता-कार्यकर्तामाथि गरिएका कारबाही फिर्ता लिनुपर्ने मागसमेत दस्तावेजमा गरिएको छ। पार्टीभित्र असन्तुष्टि बढाउने, विभाजनको अवस्था सिर्जना गर्ने र कार्यकर्तालाई निरुत्साहित बनाउने गतिविधि रोक्न नेतृत्व जिम्मेवार बन्नुपर्ने कर्णाली कांग्रेसको निष्कर्ष छ।

दस्तावेजमा समावेशीतालाई प्रभावकारी कार्यान्वयन गर्दै पार्टीका सबै तहमा युवाको कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ। प्रवासी नेपालीलाई पनि राष्ट्रसँग जोडिएका नागरिकका रूपमा सम्मान र सहभागिताको वातावरण बनाउन नेतृत्वलाई आग्रह गरिएको छ।

त्यस्तै राष्ट्रियता, लोकतन्त्र र संविधानको रक्षा गर्न कांग्रेसले लोकतान्त्रिक शक्तिहरूबीच सहकार्य र साझा संयन्त्र निर्माण गर्नुपर्ने धारणा प्रस्तावमा राखिएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा प्रधानमन्त्रीबाट भएको व्यवहारप्रति पनि कर्णाली कांग्रेसले असन्तुष्टि जनाएको छ। उक्त व्यवहारलाई असंसदीय र मर्यादाविपरीत भएको टिप्पणी दस्तावेजमा गरिएको छ।

महँगी नियन्त्रण, जनताको दैनिकी सहज बनाउने नीति, सुशासन र भ्रष्टाचार नियन्त्रणमा पार्टीले प्रभावकारी भूमिका खेल्नुपर्नेमा पनि प्रस्तावले जोड दिएको छ। कर्णाली प्रदेशको विकासका लागि संघीय बजेटमा उल्लेखनीय व्यवस्था गर्न केन्द्र सरकारसँग पहल गर्नुपर्ने मागसमेत गरिएको छ।

दस्तावेजमा जाजरकोट भूकम्पपीडितका लागि राहत र पुनःस्थापनामा प्रभावकारी कदम चाल्न आग्रह गरिएको छ भने जेठ आन्दोलनका क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ। साथै आन्दोलनका क्रममा घाइते भएका नेता-कार्यकर्ताको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ।

नेपाली कांग्रेस कर्णाली प्रदेशले सार्वजनिक गरेको यो प्रस्तावलाई पार्टीभित्र बढ्दो असन्तुष्टि, नेतृत्व विवाद र संगठनात्मक कमजोरीबीच आएको 'एकताको सन्देश' का रूपमा हेरिएको छ।

वीरेन्द्रनगर नगरपालिका
वडा नं. २ को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

७ दिने सूचना !

(प्रथम पटक प्रकाशित: २०८३/०२/०४)

वीरेन्द्रनगर नगरपालिका बस्ने श्री मनिषा शाहीले वीरेन्द्रनगर नगरपालिका वडा नं. २ को साविक लाटिकोइली-८ (ख) कित्ता नं. १२५४ क्षेत्रफल ६७७.२६ व.मि को पूर्व चक्रबहादुर बोहोरा, पश्चिम, देवेन्द्र कुमार सिजापती उत्तर बाटो र दक्षिण टोपबहादुर सुनार यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निर्माण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८२/१२/२२ गतेमा निवेदन दिनुभएकोले सोको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ अनुसार सो बनाउने घरको सँधियार कोही कसैलाई पिरमर्का पर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरप्रति कुनै कारबाहि गरिने छैन।

आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०२/०४

ग्रमिण विकास तथा पर्यावरण संरक्षण मञ्च (भिडीसेफ) नेपाल द्वारा आगामी दिनमा कालीकोट जिल्ला अन्तर्गतका समस्त पालिकाहरूमा सञ्चालन गर्न प्रस्ताव गरिएको "मातृ, नवजात शिशु, बाल स्वास्थ्य (MNCH) तथा पोषण कार्यक्रम" का लागि तपसिल बमोजिमका कर्मचारीहरू आवश्यक परेको हुँदा इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र दरखास्त आह्वान गरिन्छ।

पद	न्यूनतम शैक्षिक योग्यता तथा कार्यानुभव	मुख्य जिम्मेवारीहरू
कार्यक्रम संयोजक (Program Coordinator) (१ जना)	जनस्वास्थ्य वा नर्सिङमा स्नातकोत्तर (MPH/MN) उत्तीर्ण भई कार्यक्रम व्यवस्थापनमा १ वर्षको अनुभव वा जनस्वास्थ्य, नर्सिङ वा स्वास्थ्य सम्बन्धी विषयमा स्नातक उत्तीर्ण भई परियोजना व्यवस्थापनमा कम्तीमा ३ वर्षको अनुभव प्राप्त गरेको।	तोकिएको समय र बजेटभित्रै सम्पूर्ण लक्ष्यहरू हासिल भएको सुनिश्चित गर्न परियोजनाका क्रियाकलापहरूको समग्र योजना तर्जुमा, कार्यान्वयन र दैनिक व्यवस्थापन गर्ने। जिल्ला तहमा स्वास्थ्यसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरू र अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने। परियोजनाका क्रियाकलापहरूको गुणस्तरीय तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न विस्तृत कार्यान्वयन योजना निर्माण गर्ने। कर्मचारी व्यवस्थापन तथा परिचालन गर्ने र सम्बन्धित सरकारी तथा गैर-सरकारी संस्थाहरूसँग नियमित समन्वय गर्ने। असल अभ्यास, सफलताका कथा र परियोजनाका चुनौतीहरूको अभिलेखीकरण (Documentation) सुनिश्चित गर्दै अनुगमन, मूल्याङ्कन र प्रतिवेदन (Reporting) कार्यको सुपरिवेक्षण गर्ने। परियोजनाको तथ्याङ्क व्यवस्थापन गर्ने, मातहतका कर्मचारीलाई सहयोग गर्ने र समयमै प्रगति प्रतिवेदनहरू पेश गर्ने।
कार्यक्रम अधिकृत - प्राविधिक (Program Officer - Technical) (१ जना)	नर्सिङ वा जनस्वास्थ्य विषयमा स्नातक उत्तीर्ण भई क्लिनिकल पृष्ठभूमि भएको। मातृ, नवजात शिशु, बाल स्वास्थ्य तथा पोषण कार्यक्रममा कम्तीमा १ वर्षको अनुभव भएकालाई प्राथमिकता दिइने।	कार्यक्षेत्र (फिल्ड) स्तरका क्रियाकलापहरू कार्यान्वयन गर्न र प्रगति प्रतिवेदन तयार गर्न कार्यक्रम संयोजकलाई सहयोग पुऱ्याउने। जिल्ला तथा स्थानीय तहमा मातृ, नवजात शिशु, बाल स्वास्थ्य र पोषणसम्बन्धी प्राविधिक फोकल पोइन्टहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने। कार्यसञ्चालन योजनाहरू निर्माण गर्ने र कार्यक्षेत्रमा तिनको समयमै तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने। पालिका स्तरका सम्बन्धित सरकारी तथा गैर-सरकारी निकायहरूसँग समन्वय गर्ने। मातहतका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने र परियोजना क्षेत्रका स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई अभिमुखीकरण तथा प्राविधिक सहयोग प्रदान गर्ने। मातृ, नवजात शिशु, बाल स्वास्थ्य तथा पोषण सेवाको गुणस्तर अभिवृद्धिका लागि स्थानीय तह र स्वास्थ्य संस्थाहरूलाई प्राविधिक सहयोग प्रदान गर्दै स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप तथा कार्यसम्पादनको सुदृढीकरणका लागि यथोचित प्राविधिक सहयोग प्रदान गर्ने। तथ्याङ्कको व्यवस्थापन र विश्लेषण गर्दै परियोजनाका सफलताका कथा र चुनौतीहरूको अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण गर्ने।
अनुगमन तथा मूल्याङ्कन अधिकृत (Monitoring and Evaluation Officer) (१ जना)	जनस्वास्थ्य मा स्नातक (public health) उत्तीर्ण भई २ वर्षको अनुभव वा नर्सिङ, सामाजिक विज्ञान वा अन्य सम्बन्धित विषयमा स्नातक उत्तीर्ण भई कम्तीमा ३ वर्षको सान्दर्भिक अनुभव प्राप्त गरेको	अनुगमन तथा मूल्याङ्कनको योजना विकास र कार्यान्वयन गर्ने । परियोजनाका सूचकहरू सम्बन्धी तथ्याङ्क समयमै सङ्कलन, विश्लेषण, प्रतिवेदन, तथा प्रयोग भएको सुनिश्चित गर्ने। तथ्याङ्को गुणस्तर जाँच, सहयोगी अनुगमन, कर्मचारी क्षमता अभिवृद्धि, ड्यासबोर्ड विकास र प्रयोग गरी प्रमाणमा आधारित निर्णयलाई सहयोग गर्ने। HMIS को विकास र प्रयोगका लागि जिल्ला/पालिकाका सरोकारवालासँग समन्वय गर्ने। तथ्यमा आधारित योजना तर्जुमा गर्न परियोजनालाई सहयोग प्रदान गर्ने तथा मातृ, नवजात शिशु, बाल स्वास्थ्य तथा पोषणसम्बन्धी तथ्यांकको गुणस्तर सुधार गर्ने।
प्रशासन तथा वित्त अधिकृत (Admin and Finance Officer) (१ जना)	स्नातक तह उत्तीर्ण गरी कम्तीमा 2 वर्षको सान्दर्भिक अनुभव प्राप्त गरेको।	दैनिक कार्यालय सञ्चालन तथा कोष निकासा (Fund disbursement) को व्यवस्थापन गर्ने र बजेट तथा खर्चको अनुगमन गर्ने। वित्तीय प्रतिवेदन तयार गर्ने, लेखा राख्ने (Bookkeeping) कार्य गर्ने र आवश्यकता अनुसार वित्तीय अभिलेखहरू अद्यावधिक गर्ने। बजेट सम्बन्धी कुनै पनि विषयमा परियोजना टिमसँग प्रत्यक्ष समन्वय गर्ने।
फिल्ड सुपरभाइजर (Field Supervisor) (५ जना)	PCL नर्सिङ वा हेल्थ असिस्टेन्ट (HA) उत्तीर्ण गरेको।	समुदाय स्तरमा तथा स्थानीय तहमा मातृ, नवजात शिशु, बाल स्वास्थ्य र पोषण कार्यक्रम प्रत्यक्ष रूपमा कार्यान्वयन गर्न यथोचित सहयोग प्रदान गर्ने। कार्यक्षेत्रका गतिविधिहरू सही ढङ्गले सञ्चालन भएको सुनिश्चित गर्दै सामुदायिक परिचालकहरूलाई प्रत्यक्ष सुपरिवेक्षण र क्षमता विकास गर्ने। कार्यक्रमको सहज सञ्चालन सुनिश्चित गर्न स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्ने र स्थानीय स्तरमा देखा पर्ने कार्यान्वयनका चुनौतीहरू समाधान गर्ने।
सामुदायिक परिचालक (Community Mobilizer) (९ जना)	कम्तीमा ANM, AHW वा PCL उत्तीर्ण भई MNCH र पोषण कार्यक्रम सम्बन्धी अनुभव प्राप्त गरेको।	अग्रपङ्क्तिका कर्मचारीका रूपमा आधारभूत स्तरका मातृ, नवजात शिशु, बाल स्वास्थ्य र पोषणका गतिविधिहरू सञ्चालन गर्न समुदायसँग प्रत्यक्ष रूपमा संलग्न हुने। परियोजनाका क्रियाकलापहरूको गुणस्तरीय कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गर्ने। महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्राविधिक सहयोग प्रदान गर्ने र उनीहरूको क्षमता अभिवृद्धि गर्ने। समूह परिचालनको व्यवस्थापन गर्ने र समयमै प्रतिवेदन बुझाउने, सफलताका कथाहरूको अभिलेखीकरण गर्ने र स्थानीय तथ्याङ्क व्यवस्थापन गर्ने कार्य सुनिश्चित गर्ने।

पेश गर्नुपर्ने कागजातहरू:

निवेदन, अद्यावधिक गरिएको वैयक्तिक विवरण (बायोडाटा), र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। निवेदनमा कुन पदका लागि दरखास्त दिइएको हो सो कुरा स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

प्राथमिकता: स्थानीय उम्मेदवारहरूलाई विशेष प्राथमिकता दिइनेछ।

दरखास्त दिने अन्तिम मिति: २०८३/०२/१०

दरखास्त पठाउने इमेल ठेगाना: vacancy.vdsef@gmail.com मा सम्पर्क गर्नुहोस्।

भौतिक रूपमा कागजात वा आवेदन बुझाउने ठेगाना : खाँडाचक्र नगरपालिका-१, मान्म, कालीकोट (कागजातहरू उल्लेखित कार्यालय ठेगानामा बुझाउनुपर्नेछ)।

परीक्षाको किसिम: लिखित तथा अन्तर्वार्ता।

नोट:

- **म्याद नाघी आएका दरखास्त मूल्याङ्कनमा समावेश गरिने छैन।**
- **प्रस्तुत परियोजना दाताको स्वीकृति र आर्थिक सहायताको उपलब्धतामा निर्भर रहनेछ।**



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)